# अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश, २०७३

(नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत मितिः- २०७३/१०/६)

| संशोधन गर्ने आदेश | नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत मिति |
|---|---|
| अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति (पहिलो संशोधन) आदेश, २०७४ | २०७४/८/६ |
| अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति (दोस्रो संशोधन) आदेश, २०७५ | २०७५/८/१७ |
| अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति (तेस्रो संशोधन) आदेश, २०८१ | २०८१/३/१० |
| अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति (चौथो संशोधन) आदेश, २०८२ | २०८२/१/२ |
| अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति (पाँचौं संशोधन) आदेश, २०८२ | २०८२/२/६ |

वाग्मती नदी र यसका सहायक नदीहरुको उद्गमस्थलदेखि कटुवाल दहसम्मको नदी प्रणाली प्रदुषण मुक्त गराई संरक्षण र सम्बर्द्धन गरी उपत्यकाको वातावरणीय स्वच्छता, पवित्रता र सुन्दरता कायम गर्ने, नदी प्रणालीसँग सम्वद्ध ऐतिहासिक, पुरातात्विक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण गर्ने, समग्र वाग्मती सभ्यताको पहिचान एवं जगेर्ना गर्नुका साथै एकीकृत जलस्रोत व्यवस्थापन तथा अन्य प्राकृतिक स्रोतको समुचित व्यवस्थापन गर्ने उद्देश्यले नेपाल सरकारले देहायको समिति गठन गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस समितिको नाम अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति रहनेछ ।

(२) समितिले आफ्नो कार्य तुरुन्त प्रारम्भ गर्नेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "मन्त्रालय" भन्नाले शहरी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले यस आदेशको दफा ३ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ग) "कार्यकारी समिति" भन्नाले यस आदेशको दफा ८ बमोजिम गठित कार्यकारी समितिलाई सम्झनु पर्दछ ।

(घ) "आयोजना" भन्नाले वाग्मती क्षेत्र भौतिक पूर्वाधार विकास आयोजनालाई सम्झनु पर्दछ ।

(ङ) "कोष" भन्नाले अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको नाउँमा रहेको वाग्मती सभ्यता कोषलाई सम्झनु पर्दछ ।

(च) "अध्यक्ष" भन्नाले यस आदेशको दफा ८ को उपदफा (१) को खण्ड (क) अनुसार गठित कार्यकारी समितिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) "आयोजना प्रमुख" भन्नाले मन्त्रालयले तोकेको निजामती सेवाको नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, @बिल्डिङ्ग एण्ड आर्किटेक्ट उप-समूहको रा.प. प्रथम श्रेणीको अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "सदस्य सचिव" भन्नाले अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

३. **समितिको गठनः** ^(१) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) शहरी विकास मन्त्री -∂संयोजक

(ख) सचिव, शहरी विकास मन्त्रालय -सदस्य

(ग) दफा ८ बमोजिम गठित कार्यकारी समितिका अध्यक्ष तथा सबै सदस्यहरु -सदस्य

@(घ) काठमाडौं उपत्यका भित्रका स्थानीय तहका प्रमुख -सदस्य

!(ङ) ...............

!(च) ...............

(छ) सदस्य सचिव, पशुपति क्षेत्र विकास कोष -सदस्य

(ज) @प्रतिनिधि (रा.प. प्रथम श्रेणी), खानेपानी मन्त्रालय -सदस्य

(झ) प्रमुख, काठमाडौं उपत्यका विकास प्राधिकरण -सदस्य

(ञ) प्रतिनिधि (रा.प. प्रथम श्रेणी) अर्थ मन्त्रालय -सदस्य

(ट) वाग्मती नदी र यसका सहायक सात वटा नदी क्षेत्रबाट समेत प्रतिनिधित्व हुने गरी काठमाडौं उपत्यकामा बसोबास भएका व्यक्तिहरुमध्ये लब्ध प्रतिष्ठित, समाजसेवी, बुद्धिजीवी, नदीनाला सरसफाई अभियन्ता, महिला, जनजाति र दलित समेतको प्रतिनिधित्व रहने गरी मन्त्रालयद्वारा मनोनित ५ जना -सदस्य

(ठ) वाग्मती नदी र यसका सहायक सात वटा नदी क्षेत्रबाट समेत प्रतिनिधित्व हुने गरी वातावरण विज्ञ, जलस्रोत विज्ञ, जलाधार तथा भूसंरक्षण विज्ञ, जग्गा नापजाँच विज्ञ वा नदीनाला व्यवस्थापन विज्ञहरु मध्येबाट मन्त्रालयद्वारा मनोनित ५ जना -सदस्य

(ड) आयोजना प्रमुख -सदस्य-सचिव

(२) समितिको मनोनित सदस्यको पदावधि बढीमा ∂चार वर्षको हुनेछ ।

---

@ चौथो संशोधनद्वारा संशोधित

^ दोस्रो संशोधनद्वारा संशोधित

∂ पाँचौं संशोधनद्वारा संशोधित

@ चौथो संशोधनद्वारा संशोधित

! चौथो संशोधनद्वारा झिकिएको

! चौथो संशोधनद्वारा झिकिएको

@ चौथो संशोधनद्वारा संशोधित

∂ पाँचौं संशोधनद्वारा संशोधित

@(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले जिम्मेवारीपूर्वक कार्य नगरेमा वा पद अनुकूलको आचरण पालना नगरेमा त्यस्तो सदस्यलाई मन्त्रालयले जुनसुकै बखत सो पदबाट हटाउन सक्नेछ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(४) आयोजनाले समितिको सचिवालयको काम गर्नेछ ।

४. **सदस्यको योग्यता:** समितिको र कार्यकारी समितिको मनोनित सदस्य हुनको लागि निम्न योग्यता पूरा गरेको हुनुपर्नेछः-

@(क) कार्यकारी समितिको हकमा कुनै विषयमा मान्यता प्राप्त विश्विविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको।

तर विज्ञ सदस्यको लागि सम्बन्धित विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनु पर्नेछ।

(ख) २५ वर्ष पुरा भएको नेपाली नागरिक ।

(ग) मानसिक सन्तुलन नगुमाएको ।

(घ) फौजदारी अभियोगमा कसुरदार नठहरिएको ।

(ङ) समितिसँगको कुनै ठेक्कापट्टामा व्यक्तिगत स्वार्थ नरहेको ।

(च) समितिको कार्यक्षेत्र भित्र स्थायी बसोबास भएको ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** !.... समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको आम्दानी तथा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रहम तर्फको कार्यकारी समितिले पेश गरेको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने ।

(ख) वाग्मती नदी र यसका सहायक नदीहरुको संरक्षण, सम्वर्द्धन तथा समुचित प्रयोग सम्बन्धी दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्ने र त्यसका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्थापनका लागि नेपाल सरकारमा सिफारिश गर्ने ।

(ग) कार्यकारी समितिबाट पेश भएका नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

(घ) समितिबाट सञ्चालन हुने योजना कार्यान्वयन गर्नको लागि सम्बद्ध मन्त्रालय तथा निकायसँग समन्वय गर्ने, कार्यकारी समितिलाई निर्देशन दिने तथा सहयोग गर्ने ।

---

@ **चौथो संशोधनद्वारा संशोधित**

@ चौथो संशोधनद्वारा संशोधित

! चौथो संशोधनद्वारा झिकिएको

(ङ) नदीको सुरक्षा तथा सुन्दरता अभिमवृद्धिको लागि आवश्यक कार्य गर्न कार्यकारी समितिलाई निर्देशन दिने ।

(च) वाग्मती र यसका सहायक नदीनाला तथा तिनीहरुसँग जोडिएको सभ्यताको संरक्षणको लागि उपयुक्त नीति निर्माणको लागि नेपाल सरकारलाई सिफारिश गर्ने।

(छ) समितिका सदस्यहरुको आचार संहिता तयार गरी लागू गर्ने ।

(ज) कार्यकारी समितिबाट भए गरेका काम कारबाहीको अनुगमन गर्ने, गराउने तथा आवश्यक समन्वय गर्ने ।

(झ) अन्य आवश्यक कार्य गर्ने ।

६. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक ∂संयोजकले तोकेको मिति, समय र स्थानमा !...... बस्नेछ ।

(२) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

तर, पहिलो पटक बैठकको गणपूरक संख्या नपुगी दोश्रो पटक बैठक बस्नु पर्दा तेत्तीस प्रतिशत सदस्य उपस्थित भएपनि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको ∂संयोजकले गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **समिति सदस्यहरुको सुविधाः** (१) समितिका मनोनित सदस्यहरु अवैतनिक हुनेछन् ।

(२) समितिका सदस्यहरुलाई बैठक बसेको दिन नेपाल सरकारको प्रचलित कानुन बमोजिमको बैठक भत्ता उपलब्ध गराइनेछ ।

@८. **कार्यकारी समितिः** (१) समितिको काम कारबाहीलाई छिटो छरितो, प्रभावकारी तथा गुणस्तरीय रुपमा सञ्चालन गर्नका लागि कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारले तोकेको व्यक्ति | -अध्यक्ष |
| ℘(क१) | दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिमका सदस्य मध्येबाट मन्त्रालयले तोकेको तीन जना | -सदस्य |
| (ख) | प्रतिनिधि (रा.प.प्रथम श्रेणी), मन्त्रालय | -सदस्य |
| (ग) | प्रतिनिधि (रा.प.प्रथम श्रेणी), गृह मन्त्रालय | -सदस्य |

---

∂ पाँचौं संशोधनद्वारा संशोधित

! चौथो संशोधनद्वारा झिकिएको

∂ पाँचौं संशोधनद्वारा संशोधित

@ चौथो संशोधनद्वारा संशोधित

℘ पाँचौं संशोधनद्वारा थपिएको

(घ) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), अर्थ मन्त्रालय -सदस्य

(च) प्रमुख जिल्ला अधिकारी (काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला प्रशासन कार्यालय) -सदस्य

(छ) प्रमुख, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड -सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृत (काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिका) -सदस्य

(झ) जलस्रोत विज्ञ, खानेपानी तथा सरसफाई विज्ञ, धर्म तथा संस्कृति विज्ञ, जग्गा नापजाँच विज्ञ वा नदीनाला व्यवस्थापन विज्ञबाट मन्त्रालयद्वारा मनोनित पाँच जना -सदस्य

(ञ) काठमाडौं उपत्यकामा बसोबास भएका बाग्मती नदी र यसका सहायक [π]..... नदी क्षेत्रका लब्ध प्रतिष्ठित समाजसेवी, बुद्धिजीवी, नदिनाला सरसफाई अभियन्ताको प्रतिनिधित्व हुने गरी मन्त्रालयद्वारा मनोनित तीन जना -सदस्य

(ट) आयोजना प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (झ) र (ञ) बमोजिमका सदस्यको मनोनयन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नु पर्नेछ।

(३) अध्यक्ष तथा मन्त्रालयबाट मनोनित सदस्यको पदावधि बढीमा [◊]चार वर्षको हुनेछ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिम अध्यक्ष तोक्दा उपदफा (७) बमोजिमको योग्यता पुगेको व्यक्तिमध्येबाट तोक्नु पर्नेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा नेपाल सरकारले अध्यक्षलाई र मन्त्रालयले सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछः-

(क) इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा,

(ख) समितिको हित विपरीत हुने कुनै काम गरेमा,

(ग) पद अनुकूलको आचरण पालना नगरेमा ।

(६) उपदफा (५) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(७) अध्यक्षको पदमा नियुक्त हुन देहायको व्यक्ति योग्य हुनेछः-

(क) नेपाली नागरिक,

(ख) पैंतिस वर्ष उमेर पूरा गरी साठी वर्ष उमेर ननाघेको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट [◊]स्नातक तह उत्तीर्ण गरेको,

---

[π] पाँचौं संशोधनद्वारा झिकिएको।

[◊] पाँचौं संशोधनद्वारा संशोधित

[◊] पाँचौं संशोधनद्वारा संशोधित

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण, किर्ते वा नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) कुनै विदेशी मुलुकको नागरिकता वा स्थायी आवासीय अनुमति प्राप्त नगरेको वा सोको लागि आवेदन नदिएको ।

**स्पष्टीकरण**: यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

९. **कार्यकारी समितिको बैठक र निर्णयः** (१) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) कार्यकारी समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

तर, पहिलो पटक बैठकको गणपूरक संख्या नपुगी दोश्रो पटक बैठक बस्नु पर्दा तेत्तीस प्रतिशत सदस्य उपस्थित भए पनि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता कार्यकारी समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(४) कार्यकारी समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) कार्यकारी समितिको वैठकमा समय समयमा आवश्यकता अनुसार व्यक्ति वा संस्थालाई आमिन्त्रत गर्न सक्नेछ ।

(६) कार्यकारी ⁰समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(७) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **कार्यकारी समितिका सदस्यहरुको सुविधाः** (१) कार्यकारी समितिका अध्यक्ष पूर्णकालीन वैतनिक र मन्त्रालयबाट मनोनित अन्य सदस्यहरु अवैतनिक हुनेछन् ।

(२) अध्यक्षले नेपाल सरकारबाट निर्धारण गरिदिएको तलब भत्ता तथा अन्य सुविधा पाउनेछ ।

---

⁰ पाँचौं संशोधनद्वारा संशोधित।

(३) समितिका अध्यक्ष तथा अन्य सदस्यहरुलाई बैठक बसेको दिन नेपाल सरकारको प्रचलित कानुन बमोजिमको बैठक भत्ता उपलब्ध गराइनेछ ।

११. **<u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः</u>** कार्यकारी समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको उद्देश्य पूर्तिका लागि आवश्यक विषयमा अध्ययन गरी योजना तर्जुमा गर्ने ।

(ख) समितिकी उद्देश्य अनुरुपका कार्यहरुको कार्यान्वयन, निरीक्षण, अनुगमन, मूल्याङ्कन र समन्वय गर्ने तथा सो सम्बन्धमा सम्बन्धित व्यक्ति वा संस्थालाई आवश्यक निर्देशन दिने ।

(ग) समितिको कार्यक्षेत्रमा संचालित योजनाको तर्जुमा तथा प्रभावकारी कार्यान्वयनका लागि सहयोग, समन्वय वा निर्देशन दिने ।

(घ) समितिको कोषबाट संचालन हुने योजनाको वार्षिक कार्यक्रम, बजेट तर्जुमा गरी स्वीकृतीका लागि समितिमा पेश गर्ने ।

(ङ) समितिबाट सञ्चालन हुने योजना कार्यान्वयन गर्नको लागि सम्बद्ध मन्त्रालय तथा निकायसँग प्राविधिक तथा अन्य सहयोग लिने ।

(च) ढल निर्माण तथा अन्य कामको लागि आवश्यक जग्गा प्राप्त गर्ने ।

(छ) आफ्नो कार्यक्षेत्र भित्रका नदीको वहावक्षेत्र निर्धारण गर्ने र दुवै किनारामा हरित क्षेत्र तथा बाटो निर्माणका लागि आवश्यक जग्गाको क्षेत्रफल एकिन गरी दीर्घकालीन रुपमा नदी किनारा कायम गरी नापी नक्शा जनाउन तथा स्रेस्ता कायम गर्न सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयमा लेखी पठाउने ।

(ज) नदीको सुरक्षा तथा सुन्दरता अभिवृद्धिको लागि नदीको किनारामा हरितक्षेत्र निर्माण गर्ने।

(झ) नदी किनारामा गरिने विकास निर्माण तथा अन्य कामका सम्बन्धमा मापदण्ड तयार गरी कार्यान्वयनको लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

(ञ) नदी किनारामा अनधिकृत रुपमा वा अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु हटाउने।

(ट) नदीको बहाव क्षेत्रलाई प्रतिकूल असर पार्ने, नदी किनारामा भू-क्षय गर्ने वा नदी संरक्षणका लागि निर्माण भएका संरचना, पुलपुलेसा वा सडकलाई प्रतिकूल असर पर्ने गरी नदीबाट वालुवा झिक्न नदिने ।

(ठ) कसैले प्रचलित कानुन विपरित नदी वा नदी किनाराको कुनै जग्गा दर्ता गरे गराएमा सो दर्ता वदरको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(ड) कसैले समितिको कार्यक्षेत्र भित्रका नदीलाई प्रदुषित बनाउने कुनै किसिमको काम गरे गराएमा कानून बमोजिम सजाय गर्न तथा सो कार्य निषेध गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ढ) समितिबाट गरिने कामको लागि आवश्यकता अनुसार विशेषज्ञ तथा परामर्श सेवा लिने ।

तर, विदेशी विशेषज्ञ वा परामर्शदाताको सेवा लिनु परेमा नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ।

(ण) समितिको कार्य क्षेत्र भित्र अन्य निकायले ढल विछ्याउने वा ढल प्रशोधन केन्द्र निर्माण गर्ने जस्ता कार्य गर्दा समितिसँग समन्वय गर्नु पर्ने व्यवस्था गर्ने।

(त) समितिबाट वाग्मती सभ्यता कोष सञ्चालन सम्बन्धी प्राप्त निर्देशन बमोजिम आवश्यक कार्यक्रम प्रस्ताव गरी अनुमोदनको लागि समितिमा पेश गर्ने ।

(थ) आयोजनाबाट निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरुको नियमित सञ्चालन तथा मर्मत सम्भार कार्यको लागि सम्बन्धित सरकारी निकायलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउने।

(द) समितिको निम्ति आर्थिक श्रोत साधन जुटाउने ।

(ध) काठमाडौं उपत्यका भित्रका नदीहरुको लागि एकीकृत नदी व्यवस्थापन संगठन (River Basin Organization) को रुपमा निम्न कार्य गर्ने,-

(१) वाग्मती र यसका सहायक नदीहरुको उपलब्ध जलस्रोत र अन्य प्राकृतिक स्रोतको आधारमा जनसहभागितामा आधारित एकीकृत जलस्रोत व्यवस्थापन (Participatory IWRM) आयोजनाहरुको पहिचान गरी एकीकृत नदी व्यवस्थापन योजना तयार गर्ने ।

(२) एकीकृत नदी व्यवस्थापन योजनाहरु तयार गर्दा जलवायु परिवर्तनबाट पानीको उपलब्धतामा हुनसक्ने अनिश्चिततालाई सम्बोधन गर्न त्यस्ता भैपरि आउने परिदृश्यमा के कस्तो उपाय अबलम्बन गर्ने भन्ने वैकल्पिक योजना पनि समावेश गर्ने ।

(३) नदीको पानी प्रयोग सम्बन्धी अनुमती पत्र (License) जारी गर्न सिफारिस गर्ने ।

(४) नदीको पानी बाँडफाँड र पानीको गुणस्तरको जारी अनुमति पत्र अनुसार भए नभएको अनुगमन तथा मुल्यांकन गर्ने ।

(५) नदीको सतह तथा भूमिगत पानीको तथ्यांक तयार गरी समय समयमा अद्यावधिक गर्ने ।

(६) नदीको पानी सम्बन्धी आयोजना कार्यान्वयनको लागि प्राविधिक फुकुवा (Technical Clearance) को लागि सिफारिश गर्ने

(७) समितिको कार्य क्षेत्र भित्रको जलश्रोत सम्बन्धी समष्टिगत आवधिक योजना तर्जुमा गर्ने ।

(८) भूमिगत जलश्रोत र सतह जल उपभोग बीच सामञ्जस्यता राखी योजना तर्जुमा गर्ने।

(९) वातावरणीय प्रयोजनको लागि पानीको आवश्यक परिमाण र गुणस्तर कायम राख्ने।

(१०) नदीको पानीको सांस्कृतिक र अन्य उपयोगको लागि आवश्यक व्यवस्थापन गर्ने।

(११) समुदायको सहभागिताको लागि आवश्यक कार्यक्रम तर्जुमा गरी संचालन तथा व्यवस्थापन गर्ने।

(१२) सरोकारवालाहरुको क्षमता अभिवृद्धिको लागि एकीकृत जलश्रोत व्यवस्थापन सम्बन्धी शैक्षिक तथा अन्य तालिम कार्यक्रमहरु आयोजना गर्ने ।

(१३) नदीको पानीको उपयोग सम्बन्धमा बिभिन्न क्षेत्र (Sector) बीच समन्वय कायम गर्ने तथा उत्पन्न विवाद समाधान गर्ने/गर्न सिफारिश गर्ने।

**१२.** **कार्यकारी समितिको सचिवालयः** कार्यकारी समितिको सचिवालयको रुपमा आयोजनाले कार्य गर्नेछ ।

**१३.** **हरितक्षेत्र घोषणा गर्नेः** (१) नदी किनारामा रहेको सार्वजनिक जग्गा गैरकानूनी रुपमा कुनै व्यक्तिको नाममा दर्ता भएको देखिएमा कार्यकारी समितिले त्यस्तो दर्ता बदर गराई सार्वजनिक जग्गा कायम गरी नापी नक्सा तथा स्रेस्ता तयार गर्ने गराउनेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक जग्गा कायम गरिएको स्थानलाई कार्यकारी समितिले हरितक्षेत्रको रुपमा विकास गर्ने, घोषणा गर्ने वा आयोजनाको लागि आवश्यक पूर्वाधार निर्माणमा प्रयोग गर्नेछ ।

**१४.** **समन्वय गर्ने तथा सहयोग लिन सक्नेः** (१) *कार्यकारी समितिको अध्यक्षले नेपाल सरकारसँग प्राविधिक सहयोग र सल्लाह समेतको लागि सम्बन्धित मन्त्रालयसँग समन्वय गर्न तथा त्यस्तो निकायबाट आवश्यक सहयोग र सल्लाह लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम @कार्यकारी समितिको अध्यक्षले कुनै मन्त्रालयसँग सहयोग र सल्लाह दिनु सम्बन्धित मन्त्रालयको कर्तव्य हुनेछ ।

**१५.** **कार्यक्रम स्वीकृत गराउनु पर्नेः** (१) कार्यकारी समितिले आफ्नो कार्य क्षेत्रभित्र गर्ने काम कारबाहीको सम्बन्धमा प्रचलित कानून बमोजिम कुनै निकायबाट कार्यक्रम स्वीकृत गराउनु पर्ने भए त्यस्तो निकायबाट कार्यक्रम स्वीकृत गराउनु पर्नेछ ।

---

*** पहिलो संशोधनद्वारा संशोधित**

@ चौथो संशोधनद्वारा संशोधित

(२) कार्यकारी समितिले पशुपति क्षेत्र विकास कोषको क्षेत्राधिकार भित्र काम गर्दा पशुपति क्षेत्र विकास कोष संचालक परिषद्सँग समन्वय गर्नुपर्नेछ ।

१६. **उपसमिति गठन गर्न सक्ने:** कार्यकारी समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

१७. **अध्यक्षको काम, कर्तव्य र अधिकार:** (१) नेपाल सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यकारी समितिका अध्यक्षलाई कार्य सम्पादन गर्न देहायका कानून अन्तर्गतका देहायका अधिकारहरु प्रदान गरेको:

(क) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ११ख. बमोजिमको अधिकार र सोही ऐनको दफा ३ को प्रयोजनका लागि जग्गा (नापजाँच) नियमावली, २०५८ को नियम ३, ४, ५, ६ तथा नियम १७, १८ बमोजिमका अधिकार,

(ख) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२), दफा २९ र ३० बाहेक अन्य दफा अन्तर्गत मालपोत कार्यालय र सो कार्यालय प्रमुखलाई भएको अधिकार,

(ग) मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र मालपोत नियमावली, २०३६ को नियम १६४ उपनियम (१) बमोजिम तोकिएको समितिको अधिकार,

(घ) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा (६क) को अधिकार,

(ङ) जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ अन्तर्गतको अधिकार,

(च) जग्गा प्राप्त गर्न प्रारम्भिक कारबाही चलाउने तथा प्रचलित कानूनले तोकेको अन्य अधिकारीको काम आफैले वा समितिको कुनै सदस्य वा कर्मचारीबाट चलाउने अधिकार,

(छ) अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ र जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम जग्गा प्राप्त गर्ने सम्बन्धमा प्रारम्भिक कारबाहीदेखि अन्तिम कारबाहीसम्मको अधिकार ।

(२) समितिको कोषबाट सञ्चालन गर्न सकिने दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने ।

(३) समितिको कोषबाट सञ्चालन हुने गरी स्वीकृत दीर्घकालीन योजना र वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने वा गराउने ।

(४) कार्यकारी समितिबाट भए गरेका कामहरुको प्रगति विवरण आवधिक रुपमा समितिमा प्रस्तुत गर्ने ।

(५) स्थानीय समुदाय तथा संघ संस्थाहरुको परिचालन गरी नदी किनाराको खाली जग्गामा उद्यान, वाटिका निर्माण तथा हरितक्षेत्र कायम राख्न निश्चित क्षेत्र तोकिदिई सम्बन्धित समुदाय तथा संघ संस्थाहरुसँग सम्झौता गर्ने ।

(६) समिति अन्तर्गत सञ्चालित आयोजनाहरुको कार्यक्षेत्रमा आईपर्ने अड्चन, बाधा व्यवधान समाधानको लागि आवश्यक कार्य गर्ने ।

(७) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने वा गराउने ।

©(८) आयोजना प्रमुखको बिदा एवं काज स्वीकृत गर्ने ।

©(९) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा आयोजना प्रमुखलाई निर्देशन दिने ।

१८. **सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः** (१) आयोजनाको प्रमुखले समितिको सदस्य-सचिवको रुपमा निम्न कार्यहरु गर्नेछः-

(क) समिति र कार्यकारी समितिको बैठक सञ्चालन गर्ने ।

(ख) कार्यकारी समितिको प्रमुख प्रशासकीय अधिकारीको रुपमा कार्य गर्ने ।

(ग) सदस्य-सचिवको अन्य काम, कर्तव्य र अधिकार कार्यकारी समितिले तोके बमोजिम हुनेछ।

(घ) आयोजनाको रेखदेख, अनुगमन र सुपरिवेक्षण गर्ने ।

१९. **आयोजना प्रमुखको काम, कर्तव्य र अधिकारः** मन्त्रालयले तोकेको नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, ^ø^विल्डिङ्ग एण्ड आर्किटेक्ट !..... उप-समूहको रा.प. प्रथम श्रेणीको अधिकृत आयोजनाको प्रमुख हुनेछ र निजले निम्न कार्यहरु गर्नेछ ।

(क) आयोजना प्रमुखलाई प्रचलित कानूनले विभागीय प्रमुखलाई दिए सरहको अधिकार हुनेछ।

(ख) आयोजनाले सम्पादन गरेको कार्यको प्रगति विवरण तोकिए बमोजिम समिति र कार्यकारी समितिमा जानकारी गराउने ।

(ग) समितिको कोषको रकमबाट सञ्चालन हुने आयोजनाहरुको लागि योजना तथा वार्षिक कार्यक्रम तयार गरी तोकिएबमोजिम समिति र कार्यकारी समितिमा पेश गर्ने।

©(घ) कार्यकारी समितिको लागि आवश्यक कर्मचारीहरुको व्यवस्थापन गर्ने ।

२०. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) आयोजनामा आवश्यक संख्यामा कर्मचारी रहनेछन् ।

(२) आयोजनाको कार्य सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारी शहरी विकास मन्त्रालय मार्फत काजमा झिकाई व्यवस्था गरिनेछ ।

---

© पहिलो संशोधनद्वारा थप

© पहिलो संशोधनद्वारा थप

ø दोस्रो संशोधनद्वारा थप

! चौथो संशोधनद्वारा झिकिएको

© पहिलो संशोधनद्वारा थप

(३) उपदफा (२) बमोजिम कर्मचारी उपलब्ध गराउन नसकिएमा *आयोजना प्रमुखले अध्यक्षको परामर्शमा शहरी विकास मन्त्रालयको स्वीकृती लिई आवश्यक कर्मचारी सेवा करारमा लिन सक्नेछ।

(४) समितिमा कार्यरत कर्मचारीको पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्तहरु सेवासँग सम्बन्धित कानून बमोजिम हुनेछन् ।

तर, सेवा करारमा लिइएका कर्मचारीको सेवा शर्त त्यसरी कर्मचारी करारमा लिंदाको बखतमा तोकिनेछ ।

२१. **समितिको कोषः** (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरु रहनेछः-

(क) नेपाल सरकारबाट अनुदान प्राप्त रकम,

≠(क१) प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) समितिले आर्जन गरेको रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थाबाट चन्दा वा अनुदान प्राप्त रकम,

तर, विदेशी व्यक्ति वा संघ संस्थाबाट अनुदान वा चन्दा लिनुपर्दा नेपाल सरकारबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम समितिको उद्देश्य पूर्तिका लागि ≠कार्यकारी समितिको निर्णय अनुसार खर्च गरिने छ ।

(३) उपदफा (१) बमोजिम कोषको संचालन ♣सदस्य सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ। कोषको लेखापालन आयोजनाको आर्थिक प्रशासन शाखाले गर्नेछ ।

२२. **लेखा तथा लेखापरीक्षणः** (१) समितिको लेखा नेपाल सरकारले अपनाएको प्रकृया बमोजिम हुनेछ ।

(२) समितिको आय व्ययको लेखापरीक्षण महालेखा परीक्षकको @कार्यालयबाट हुनेछ।

२३. **समितिको कार्यावधिः** समितिको कार्यावधि €२०८८ असार मसान्तसम्म हुनेछ र नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको कार्यावधि थप गर्न सक्नेछ ।

---

* **पहिलो संशोधनद्वारा संशोधित**

≠ चौथो संशोधनद्वारा थपिएको

≠ चौथो संशोधनद्वारा थपिएको

♣ तेस्रो संशोधनद्वारा संशोधित

@ चौथो संशोधनद्वारा संशोधित

€ मिति २०८३/३/३२ को नेपाल राजपत्रको सूचना बमोजिम संशोधित

२४. **नेपाल सरकारसँग सम्पर्क:** समितिले आफ्नो कारबाहीको सिलसिलामा नेपाल सरकारसँग सम्पर्क राख्नु पर्दा शहरी विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

२५. **खारेजी र बचाउ:** (१) अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश (२०६८/८/२९) खारेज गरिएको छ ।

(२) अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश (२०६८/८/२९) बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरु यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।

(३) अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश (२०६८/८/२९) बमोजिम गठित समितिका मनोनित उन्नाइस जना सदस्यहरुको पदावधि यो आदेश लागु हुनासाथ स्वतः समाप्त हुनेछ । तर अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश (२०६८/८/२९) बमोजिम गठित समितिको अध्यक्ष मानिनेछन् र निजको नियुक्ति हुँदाको बाँकी पदावधिसम्म यसै आदेश बमोजिम कार्यकारी अध्यक्षका रुपमा कार्यरत रहनेछन् ।

(४) अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति आदेश (२०६८/८/२९) बमोजिमको समितिको सम्पूर्ण चल, अचल सम्पत्ति तथा हक दायित्वहरु समेत यस समितिमा सरेको मानिनेछ ।